प्रदेश सरकार

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७८/०९/२६ गते

सर्वसाधारण नागरिकहरुसम्म शहिदहरुको पहिचान गराउने, इतिहासको संरक्षण गर्ने, सहिदहरु प्रतिको सम्मान, राष्ट्र र राष्ट्रियता प्रति नागरिकहरुमा कर्तव्यबोध गराउन तथा पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुऱ्याउन शहिदहरुको योगदान र पहिचान खुल्ने गरी स्थापना भएका वा हुने शहिद पार्कहरुको पूर्वाधार निर्माण एवम् स्तर उन्नती कार्यका लागि ईच्छुक शहिद पार्क संरक्षण समिति वा संघ संस्थाले शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट चालु आर्थिक वर्ष २०७८/०७९ मा तपसिल बमोजिमका स्वीकृत वार्षिक विकास कार्यक्रम कार्यान्वयनका सम्बन्धमा **शिक्षा, विज्ञान प्रविधि, तथा भाषा, संस्कृति र पुरातत्व संरक्षण सम्बन्धी स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०७८** बमोजिम मापदण्डमा उल्लेख भए बमोजिमका आधारहरु पुरा भएका पार्कहरुले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशमा प्रस्ताव सहितको फाइल पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कागजातहरुः**

१. कार्यक्रम कार्यान्वयन मापदण्डको अनुसुची-२० बमोजिमको प्रस्तावपत्र
२. शहिदहरुको योगदान र पहिचान खुल्ने गरी शहिदको सम्मानमा स्थापना भएका वा हुने शहिद पार्क दर्ता प्रमाणपत्र
३. पार्क संरक्षण समिति/संघ संस्था को कार्यक्रम माग सम्बन्धमा सुचनाको म्याद भित्र गरेको निर्णयको प्रतिलिपी
४. नयाँ पार्क निर्माणका लागि कम्तीमा ५ रोपनी जग्गाको उपलव्ध रहेको प्रमाण खुल्ने कागजात
५. पार्क सञ्चालनमा रहेको वा स्थापना हुने स्थानको जग्गाधनी प्रमाणपूर्जा वा भोगाधिकार सम्बन्धमा प्रष्ट खुलेको कागजात
६. स्थानीय तह वा अन्य समिति, संस्थाबाट साझेदारी हुन सक्ने भएमा साझेदारी सम्बन्धी खुलेको पत्र
७. जिल्ला समन्वय समितिको निर्णय सहितको सिफारिस
८. पार्क सञ्चालन हुने स्थानमा पूर्वाधारको सुविधा भएको स्थान सम्बन्धमा सम्बन्धित स्थानीय तहबाट स्पष्ट खुलाएको पत्र
९. शहिद पार्क स्तर उन्नती वा स्थापना सम्बन्धमा सम्बन्धीत स्थानीय तहको निर्णय सहितको सिफारिस पत्र
१०. सरकारी प्राविधिकबाट तयार भएको लागत अनुमान
११. डिपीआर तयार भएको भए डीपीआर/ प्राविधिकबाट तयार भएको ड्रईङ डिजाइन

पुनश्चः कार्यक्रम प्रस्ताव गर्दा राष्ट्रिय एकता तथा सामाजिक साँस्कृतिक सद्भाव खल्बलिने विषय र वातावरण संरक्षणमा प्रतिकुल असर पुऱ्याउने विषयमा प्रस्ताव पेश गर्न पाइने छैन ।

**शिक्षा, विज्ञान प्रविधि, तथा भाषा, संस्कृति र पुरातत्व संरक्षण सम्बन्धी स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०७८ मन्त्रालयको वेभसाइट www.mosd.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ ।**